# मालिका राजपत्र

मालिका गाउँपालिकाद्वारा प्रकाशित

खण्डः१ वर्षः१ संख्याः१ मितिः२०७९।०२।१८

भाग -१

## मालिका गाउँपालिका

# प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७९

प्रमाणिकरण मितिः २०७९।०२।१८

स्थानीय राजपत्रमा प्रकाशित मितिः २०७९।०२।२९

मालिका गाउँपालिका

म्याग्दी जिल्ला

गण्डकी प्रदेश, नेपाल

# प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७९

## २०७९ सालको ऐन नं. १

**प्रस्तावनाः**

नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम मालिका गाउँपालिकाको सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यो ऐनको नाम मालिका गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७९ रहेको छ ।

(२) यो ऐन मालिका गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

२. **परिभाषाः** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा -

(क) "ऐन" भन्नाले मालिका गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७९ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले मालिका गाउँपालिका गाउँकार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) "गाउँपालिका" भन्नाले मालिका गाउँपालिकालाई सम्झनु पर्छ ।

(घ) "सभा" भन्नाले नेपालको संविधानको धारा २२३ बमोजिमको गाउँसभा सम्झनु पर्छ ।

(ङ) "संविधान" भन्नाले नेपाल संविधानलाई सम्झनु पर्छ ।

३. **नियम बनाउने अधिकारः** (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चाल ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त मालिका गाउँपालिकाको कर्मचारी व्यवस्थापन सम्बन्धी नियम र अन्य आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४. **निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने:** (१) संविधान, ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधिनमा रही मालिका गाउँपालिका कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

गाउँसभाबाट प्रमाणित मितिः२०७९।०२।१८

आज्ञाले,
नामः हेमराज काफ्ले
प्रमुख प्रशासकीय अधिकृत